बैठक संख्याः १८३/०४/२०८२/०८३
मिति:२०८२/०७/२४
समय : दिउसो १२.०० बजे

आज मिति २०८२/०७/२४ गते सोमबारका दिन यस शुक्लाफाँटा नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री रणबहादुर महरा ज्यूको अध्यक्षतामा तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसि निम्न अनुसार निर्णय गरियो ।

तपसिलः

| | | |
|---|---|---|
| १. | श्री रण बहादुर महराः नगर प्रमुख | अध्यक्ष |
| २. | श्री कल्पना कुमारी जोशी पन्तः नगर उप-प्रमुख | सदस्य |
| ३. | श्री उत्तर देव भट्टः वडा अध्यक्ष वडा नं १ | सदस्य |
| ४. | श्री भोदुराम डगौराः वडा अध्यक्ष वडा नं २ | सदस्य |
| ५. | श्री नरेन्द्रप्रसाद चौधरीः वडा अध्यक्ष वडा नं ३ | सदस्य |
| ६. | श्री कमल ठकुल्लाः वडा अध्यक्ष वडा नं ४ | सदस्य |
| ७. | श्री चक्रबहादुर खड्काः वडा अध्यक्ष वडा नं ५ | सदस्य |
| ८. | श्री दान सिंह ऐरः वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ९. | श्री प्रताप धामीः वडा अध्यक्ष वडा नं ७ | सदस्य |
| १०. | श्री बहादुर सिंह महराः वडा अध्यक्ष वडा नं ८ | सदस्य |
| ११. | श्री रमेश बहादुर ऐरः वडा अध्यक्ष वडा नं ९ | सदस्य |
| १२. | श्री लाल बहादुर ऐरः वडा अध्यक्ष वडा नं १० | सदस्य |
| १३. | श्री शेर बहादुर साउदः वडा अध्यक्ष वडा नं ११ | सदस्य |
| १४. | श्री नवल सिंह रानाः वडा अध्यक्ष वडा नं १२ | सदस्य |
| १५. | श्री लक्ष्मी देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १६. | श्री भुमा देवी चन्दः नगर कार्यपालिका सदस्य | सदस्य |
| १७. | श्री शान्ती देवी ऐरः नगर कार्यपालिका सदस्य | सदस्य |
| १८. | श्री सुर्जा बि.कः नगर कार्यपालिका सदस्य | सदस्य |
| १९. | श्री गणेश बिकः नगर कार्यपालिका सदस्य | सदस्य |
| २०. | श्री सरस्वती कुमारी जोशीः नगर कार्यपालिका सदस्य | सदस्य |
| २१. | श्री खेमराज बिष्ट : प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

CamScanner

**१८३ औं कार्यपालिका बैठकका निर्णयहरु:** शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालय झलारी, कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

मितिः २०८२/०७/२४ गते

**निर्णय नं. १:** १८२ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो कार्यान्वयन भइनसकेका निर्णयहरु यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** भाद्र २३ र २४ गतेको आन्दोलन क्रममा भएको भौतिक संरचना क्षतिको पुनर्निर्माण तथा मर्मत र स्थानीय सार्वजनिक सेवा सूचारुका लागि नेपाल सरकारको अर्थ मन्त्रालयको च. नं. ११८ मिति २०८२/०६/०७ गतेको पत्रानुसार नगरपालिकाको चालु आ.व. ०८२।८३ को बजेटमा आवश्यक परिमार्जन गर्नरु ५० लाख ,५५ लाख र ६० लाख विनियोजन भएका वडाबाट क्रमश रु ५ लाख , ६ लाख, र ७ लाख बराबरको विनियोजन न्यून गरी सो अनुसारको कार्यक्रम पेश गर्ने वडामा पत्राचार गर्ने साथै नगरपालिकाको कार्यक्रमबाट विनियोजन घटाई पेश गर्ने ।

**निर्णय नं. ३:** त्रिशक्ती निर्माण सेवा शुनपा १० लाई"घ" वर्ग निर्माण व्यवसायी प्रमाणपत्र प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** संघ, प्रदेश अन्तर्गत विभिन्न साझेदारी गर्नुपर्ने देहाय बमोजिमका योजनाहरुमा देहाय वमोजिमको रकम समपुरक कोषबाट साझेदारी गरी ठेक्का प्रकृया सुरु गर्ने निर्णय गरियो ।

| योजनाको नाम | साझेदार निकाय/कार्यक्रम | साझेदारी रकम रू. |
|---|---|---|
| कालागौडी वडा नं. १२ देखि वडा नं. ६ बनसमिति नगर चक्रपथ खन्ड कालोपत्रे सडक (खण्ड १) | संघीय समपूरक (क्रमागत) | १,२२,००,००० |
| शुक्लाफाँटा नगरपालिका महेन्द्रराजमार्ग दक्षिण खण्ड नगर चक्रपथ निर्माण कार्य(खण्ड २) | संघीय समपूरक नयाँ | १,३६,५०,००० |
| शुक्लाफाँटा नगरपालिका जंगली जनावर प्रभावित क्षेत्रमा मेसवायर जडान कार्य | प्रदेश समपूरक | १,००,५०,००० |
| वडा नं. ६ अग्लीपट्टि मार्ग भुइयाँ हुँदै बैजनाथ स्कुल सम्म जोड्ने सडक कालोपत्रे | प्रदेश समपूरक | ८१,००,००० |

प्रमुख प्रशासकीय अधिकृत

बहादुर महरा
नगर प्रमुख



CamScanner

| | | |
|---|---|---|
| कलुवापूर बेलौरी सडक खण्ड देखि वडा नं. १ हुदै वडा नं. १२ को सिमानासम्म जोड्ने शुनपा-१ मध्यमार्ग | प्रदेश समपूरक | १,०२,००,००० |

**निर्णय नं. ५:** यस शुक्लाफाँटा नगरपालिका अन्तरगत रहेको नगर खेलकुद समितिले मिति २०८२।०७।१८ गते विविध खेलकुदका कार्यक्रम संचालन गर्न बजेट माग गरेकाले रु २५ लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६:** यस नगरपालिकामा मिति २०८२।०५।२४ गते जे.जी आन्दोलनको क्रममा क्षेतिग्रस्त भएका संरचनाहरुको आंशिक मर्मत गरि सेवा प्रवाह सूचारु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** यस नगरपालिका अन्तरगत चालु आ. व. मा कार्यान्वयन हुने देहाय वमोजिमका योजनाहरु संचालनका लागि देहाय वमोजिमका स्थानहरुमा छनौट गर्ने निर्णय गरियो।

| योजनाको नाम | कार्यान्वयन स्थलको विवरण | कैफियत |
|---|---|---|
| स्याली नदी तटबन्ध निर्माण कार्य (संघ विशेष अनुदान) | वडा नं. १२, वडा नं. १ र वडा नं. ५ | वडा नं. १२ र १ मा ३०/३० लाख र वडा नं. ५ र ६ मा ४ लाख ५० हजार/४ लाख ५० हजार |
| शुक्लाफाँटा न.पा. जंगली जनावर प्रभावित क्षेत्रमा सौर्य सडक वत्ति जडान (प्रदेश विशेष अनुदान) | | उर्जा समितिको निर्णय वमोजिम |
| शुक्लाफाँटा न. पा. अन्तर्गतका सामुदायिक | | शिक्षा समितिबाट निर्णय वमोजिम |

प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

| | | |
|---|---|---|
| विद्यालय जीर्ण भवनहरु रेट्रोफिटिङ गर्ने कार्य | | |
| जंगली जनावर प्रभावित क्षेत्रमा मेसवायर जडान | वडा नं. १ खजुवा, लौटा स्याली नदी किनार र वडा नं. ८ र ९ को सिमाना खत्री टोल दक्षिणतर्फ | दुई वटै स्थानहरुमा बराबर लागत हुने गरी |

निर्णय नं. ८: नेपाल पत्रकार महासंघ शाखा कंचनपुरका अध्यक्ष श्री सुरेश सिंह धामी लाई स्वास्थ्य उपचारको लागि आर्थिक सहयोग स्वरूप रू २५ हजार मात्र समपूरक कोषबाट निजको बैंक खातामा भूक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: यस कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरु मध्ये पदपूर्ती प्रक्रियाको आधारमा प्रक्रिया नमिलेका कर्मचारीहरुको म्याद समाप्त भएपछि पुनःम्याद थप नगरिने निर्णय गरियो साथै नेपाल सरकार स्वास्थ्य सेवा तर्फ अमिल्दो सेवाका कर्मचारीहरुको हकमा स्वास्थ्य सेवा ऐन अनुसार गर्ने ।

निर्णय नं. १०: भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कंचनपुरबाट चालु आ. व. मा कार्यान्वयन हुने **महिला, मुक्त कमैया/कमलरी, सिमान्तकृत समुदाय, अपाङ्ग तथा विपन्न लक्षित आयआर्जनमूलक कार्यक्रम** अन्तरगत बाख्रा वितरणका लागि यस नगरपालिकाका सबै वडाहरु समेटिने गरि विपन्न लक्षित समुदायबाट पशु विकास शाखाले कृषक छनौट गरि पठाउने गरियो।

निर्णय नं. ११: सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा संञ्चालन) ऐन, २०८१ बमोजिम र सम्मानित सर्वोच्च अदालतको अन्तरिम आदेश बमोजिम यस कार्यालयको बिभिन्न मितिमा भएका कर्मचारी तह मिलान/वृद्धि सम्बन्धि निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १२: शुक्लाफाँटा नगरपालिकामा कार्यरत शाखा अधिकृत आठौं तह टिकेन्द्र राज भट्ट (कर्मचारी संकेत नं.१८२४६९) ले सुदुरपश्चिम प्रदेश स्थानीय सेवाको (गठन तथा संचालन) ऐन २०८१ को दफा ९ को उपदफा १ बमोजिम एक तह माथिको पद नवौं तह (उप सचिव) मा बढुवा/तह वृद्धि/तह मिलान गरिपाउँ भनी मिति २०८२/०५/११ मा निवेदन पेश गरेको र सम्मानित सर्वोच्च अदालतमा दायर रिट नं. ०८२-wo-०१६३ मा सम्मानित सर्वोच्च अदालतको मिति २०८२/०५/०५ गतेको अन्तरिम आदेश तथा मिति २०८२/०५/०९ को सूचनाका आधारमा शुक्लाफाँटा नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८२/०५/११ को निर्णयानुसार

प्रमुख प्रशासकीय अधिकृत

रण बहादुर महरा
नगर प्रमुख

निजलाई स्थानीय सेवाको नवौं तह (उप सचिव) मा तह मिलान/तह वृद्धि गरिएकोमा उक्त निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३:** तेस्रो शुक्लाफाँटा कृषि पर्यटन, सास्कृतिक तथा औद्योगिक व्यापार मेला, २०८२ संचालनका लागि मेला आयोजक संस्था शुक्लाफाँटा उद्योग वाणिज्य संग, झलारी, कञ्चनपुरलाई रू १ लाख ५० हजार उपलब्ध गराउने ।

**निर्णय नं. १४:** विद्युत प्राधिकरणका एल टि लाईनका अब्यबस्थित पोल ब्यबस्थित गर्ने र नया एल टि लाईन १२ वटै वडाहरुमा जोड्न विधुत प्राधिकरणलाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. १५:** शुक्लाफाँटा नगरपालिकावडा नं. १ मा रहेको कभर्ड हल खेलकुद विकास समितिलाई सम्झौता गरि हस्तान्तरण गर्ने ।

**निर्णय नं. १६:** शुक्लाफाँटा नगरपालिका अर्जुनी स्थित सर्पदंश उपचार केन्द्रमा कार्यालय संचालनमा रु ५०,०००।- सहयोग गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७:** प्रथम शुक्लाफाँटा तथा १९ औ राष्ट्रिय बुदोकैदो फुलकन्टयाक्ट कराते प्रतियोगिता- २०८२ संचालन गर्न रु.१,२०,०००।- शुक्लाफाँटा बुदोलैदो शाखालाई भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. १८:** अखिल नेपाल कृषि मजदुर संघले मिति २०८२।०७।१८ गते पेश गरेको माग पत्रका सम्वन्धमा छलफल गर्दा स्थानीय तहमा प्रचलित कानून को परिधिभित्र रही श्रम सम्वन्ध समिति तय गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९:** राष्ट्रिय स्तरको शैक्षिक कार्यक्रममा विद्यार्थीहरुको निःशुल्क सहभागिताको लागि संघर्ष जन आवाज मिडियालाई रु. २५,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०:** आ.व. २०८२।८३ मा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र संग वैकल्पिक उर्जा सम्वन्धी कार्यक्रम संचालन गर्न रु ५ लाख साझेदारी गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

रण बहादुर महरा
नगर प्रमुख